JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153
E-mail: info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन ८ गते शनिबार ❑ 20 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## विपद व्यवस्थापनमा संघीय सरकारको ढिला सुस्ती: मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापनमा संघिय सरकारको संरचना अझै पनि ढिला सुस्ती भएको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले आरोप लगाएका छन्।

विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन प्राधिकरणले शुक्रबार पोखरामा आयोजना गरेको जलवायू जन्य विपद् तथा वन डढेलो जोखिम न्यूनिकरण तथा व्यबस्थापन सम्बन्धि अन्तरकृया कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री गुरुङले पुरानै सोच र व्यवहारले गर्दा अझै पनि संघिय सरकारबाट विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापनमा छिटो छरितो ढंगबाट काम हुन नसकेको बताएका हुन्।

संघिय सरकारले समयमै गर्नुपर्ने काम ढिला सुस्ती गर्दा दुई बर्षमा हुने कार्यक्रम ५ बर्ष लाग्ने गरेको मुख्यमन्त्री गुरुङको गुनासो छ। उनले भने "गत बर्ष गण्डकी प्रदेशमा विपदमा परेकाहरुलाई पुनःस्थापना गर्नु पर्दा संघिय सरकारले ३ लाख दिने भनेकोमा हामीले पनि थप दुई लाख दिन्छौं भाषण गर्दै हिड्यौं तर आजसम्म संघिय सरकारले त्यो रकम दिएको छैन, संघिय सरकारले रकम नदिई हामीले मात्र दुई लाख दिएर के हुन्छ भनेर हामीले पनि दिन सकेका छैनौं ।" संघिय सरकार समक्ष विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापनमा २ अर्ब १७ करोड माग गरे पनि उक्त रकम हालसम्म प्राप्त नभएको मुख्यमन्त्री गुरुङले बताए। २०७२ सालको भूकम्पले केही सर्तकता अपनाउदै भूकम्प प्रतिरोधात्मक घर तथा भवनहरु बनेसंगै अब हरेक गाँउहरुमा पनि घर तथा भवनको नक्सापास अनिवार्य गर्नु पर्ने उनको भनाई थियो। घर बस्ती बसाल्दा अब निश्चित मापदण्ड पालना




हुने गरी बसाल्नु पर्ने अन्यथा झन विपद् बढ्न सक्ने मुख्यमन्त्री गुरुङको भनाई छ। प्रधानमन्त्री, गृहमन्त्री र रक्षामन्त्रीहरुलाई आँखा चिम्लियर विपद व्यबस्थापनमा बजेट विनियोजन गराउन जनदबाब आवश्यक भएको उनले बताए। विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापनमा पूर्ण अधिकार तत्कालिन, अल्पकालिन र दीर्घकालिन रुपमा व्यबस्थापन हुने गरी प्राधिकरणलाई नै दिनु पर्ने मुख्यमन्त्री गुरुङको माग छ। अब जथभावी रुपमा सडक खन्ने काम रोक्नुपर्ने उनले बताए।

विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापनमा अझै पनि ९० सालको जस्तो तौर तरिका भएको गुनासो गर्दै समय सापेक्ष छिटो छरितो ढंगबाट सेवा गर्ने गराउने व्याबस्था हुनु पर्ने उनको भनाई थियो। कुनै विपदमा तत्काल हेलिकोप्टर आवश्यक पर्दा संघिय मन्त्रालयसंग विभिन्न संघ संस्था हुदै जानुपर्ने जुन प्राबधान छ त्यसले व्यक्तिको उद्धारमा ढिलाई भई उनीहरुलाई बचाउन कठिन हुने मुख्यमन्त्री गुरुङको तर्क थियो।

गण्डकी प्रदेशका उद्योग पर्यटन वन तथा वातावरण मन्त्री विकास लम्सालले भूकम्पले गर्दा देशमा नयाँ संविधान आएको दाबी गर्दै विपदमा गुहारे प्रबृत्तिले जोखिम न्यूनिकरण गर्न नसकिने बताए। अझै पनि व्यबस्थित बसोवास हुन नसक्दा जोखिम बढेको दाबी गर्दै उनले एकिृत बस्ती तर्फ सवैको ध्यान केन्द्रित हुनु पर्ने बताए।

विपद व्याबस्थापनमा सवै नागरिक जिम्मेवार हुनु पर्ने मन्त्री लम्सालको भनाई थियो। पोखरा महानगरपालिकाका मेयर मान बहादुर जिसीले जोखिम निम्त्याउने गरी सुपारी बाडे सरी हाल विपद निम्तिएको तिखो आलोचना गरेका थिए। विकास संरचनाको मोडल नै हाल विपदको कारक तत्व भएको उनको भनाई थियो। प्रदेश र संघिय सरकारले स्पष्ट निती दिने र त्यस अनुसारको कान्वयन स्थानिय तहका पालिकाहरुलाई दिनुपर्ने मेयर जिसीले बतााए।

गृह–मन्त्रालयका सहसचिव जनकराज दाहालले विपद् व्यबस्थापन गर्न हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा दक्षजनशक्ति सहितको आवश्यक श्रोत साधनसहितको मानव सहायता कक्षा निर्माण गर्न निर्देशन दिएका छन्। विपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन गर्न आवश्यक जनशक्ति सहितको उद्धार सामाग्रिहरुको भण्डारण कक्षा निर्माण गर्न समेत उनले प्रजिअहरुलाई आग्रह गरेका छन्। देशको भूगोल अनुसारको जिल्ला विपद् व्याबस्थापन समितिले आवश्यकता र प्राथामिकताको आधारमा चासो दिन समेत सहसचिव दाहालले अनुरोध गरेका छन्। देशका सवै जिल्लामा प्रजिअहरुले अब खुल्ला क्षेत्रको एकिन गरी त्यसको लिस्ट गृह–मन्त्रालयमा पठाउन उनले कार्यक्रमबाटै निर्देशन दिएका छन्।

प्रजिअहरुले अब एनजीओ आएनजीओहरुलाई आवश्यकताको आधारमा उद्धार सामानको लागि सैद्धान्तिक भन्दा व्यवहारिक रुपमा केन्द्रित रहेर कार्यक्रमहरु संचालन गर्न समेत सहसचिव दाहालले आग्रह गरे।

गण्डकी प्रदेश सरकारका प्रमुख सचिव बिष्णुप्रसाद नेपालले दबाब समुहको भरमा सडक बाटो बन्ने संस्कारले हाल विकासको नाममा विनास निम्तिएको दाबी गरे। प्राधिकरणका उपसचिव कृष्णहरी श्रेष्ठले २०७४ सालमा स्थापना भएको प्राधिकरणले हाल तीन वटै तह विभिन्न निजी संघ संस्था र जनताहरुसंग प्रत्यक्ष सरोकार राखेर विपद व्याबस्थापनमा काम गर्न थालेको बताए। मानवको जीउ र धनको जोखिमलाई कसरी नयूनिकरण गर्न सकिन्छ सवैले सहकार्य गर्नु पर्ने उनको भनाई थियो। प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलको अध्यक्षतामा सम्पन्न भएको उपसचिव वेदनिधि खनालले बताए। कार्यक्रममा गण्डकी प्रदेशका सरोकार पक्षका अनुवाहरुको सहभागिता रहेको पत्रकार रन्जना श्रेष्ठले बताइन्।

## पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरुद्ध सरकारको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

हालै भएको पेट्रोलियम पदार्थको मूल्यवृद्धिलाई लिएर राष्ट्रिय उपभोक्ता मञ्च गण्डकी प्रदेश र जागौं नेपाल राष्ट्रिय अभियान पोखराले सरकारको ध्यानाकर्षण गराएका छन्।

मञ्चका अध्यक्ष कपिलनाथ कोइराला र अभियानका संयोजक दीपक आचार्यले एक विज्ञप्ति जारी गरी मूल्यवृद्धि सरकार स्वयंले गरेको नीतिगत निर्णयको बर्खिलाप रहेको जनाउँदै सरकारको कास्कीका प्रमुख जिल्ला अधिकारी ज्ञानप्रसाद ढकालमार्फत सरकारको ध्यानाकर्षण गराएका हुन्।

जारी विज्ञप्तिमा भनिएको छ, "सरकारले २०७३ माघदेखि लागू हुने गरी स्वचालित मूल्य प्रणाली लागू गरेको थियो, जसमा अन्तर्राष्ट्रिय बजार कच्चा पेट्रोलियम पदार्थको मूल्य घटबढ भएमा प्रत्येक १५/१५ दिनमा मूल्य समायोजन गर्न सकिन उल्लेख छ। तर अहिलेको मूल्य १५ दिनमा नै दुईपटक बढाइएको छ। जबकि इण्डियन आयल कर्पोरेशनले नेपाल आयल निगमलाई १५/१५ दिनमा मात्र बिलिङ गर्ने गर्दछ, तसर्थ यसबीचमा मूल्य बढाउनुपर्ने कारण के हो", प्रश्न गरिएको छ।

त्यस्तै छ वर्ष अगाडि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढेर १३८ युएस डलर प्रतिब्यारेल हुँदा नेपालमा पेट्रोलको मूल्य रु १०८ थियो। अहिले अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम पदार्थ रु ६५ डलर प्रतिब्यारेल हुँदा यहाँ रु ११४ कसरी कायम गरियो भन्ने कुरालाई पनि उठान गरिएको छ। तेलको मूल्य अन्तर ाष्ट्रिय बजारमा घटेर २७ डलर प्रतिब्यारेल हुँदा तीन महिनासम्म मूल्य समायोजन नगर्ने र अहिले नियमविपरीत १५ दिनमै दुईपटक मूल्यवृद्धि गर्ने कामको चर्को आलोचना गरिएको छ। विज्ञप्तिमा डिलरको कमिशन बढाइएको र बोनस पनि बाँडिएकाले त्यसको भार उपभोक्तामाथि थोपरिएको उल्लेख छ। "पेट्रोलियम पदार्थमा हुने मूल्यवृद्धिले ढुवानी भाडामा वृद्धि भई अन्य सम्पूर्ण वस्तु तथा सेवामा समेत मूल्यवृद्धि हुने अवस्था आउने निश्चित छ। के यसरी देशमा सुशासन कायम हुन्छ", विज्ञप्तिमा उल्लेख छ। जिम्मेवार सरकारको दायित्व निर्वाह गर्दै यो मूल्यवृद्धि तत्काल फिर्ता लिएर उपभोक्तालाई राहत दिन ज्ञापनपत्रमार्फत सरकारलाई आग्रह गरिएको छ।

## कांग्रेस महाधिवेशन आगामी भदौ ७ गते

**रासस**
**काठमाडौं, ७ फागुन**

नेपाली कांग्रेसले पार्टीको आगामी १४औँ महाधिवेशन विसं २०७८ भदौ ७ देखि १० गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ।

कांग्रेस महामन्त्री पूर्णबहादुर खड्काले राख्नुभएको उक्त प्रस्ताव केन्द्रीय कार्यसमितिको बिहीबार बसेको बैठकले सर्वसम्मतिले पारित गरेको पार्टी कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

त्यसैगरी कांग्रेसले गाउँ/नगर वडा अधिवेशन आगामी असार ५ गते, गाउँ/नगरपालिका अधिवेशन असार ७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्रप्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन ३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन ६ गते र प्रदेश अधिवेशन साउन १० र ११ गते गर्ने निर्णय गरेको छ।

कांग्रेसले पार्टीको विधानमा पार्टीका सबै तहका पदाधिकारी र सदस्यहरुको पदावधि चार वर्षको रहेको र असाधारण स्थितिमा एक वर्ष थप गर्न पाउने व्यवस्थालाई नेपालको संविधानबमोजिम विशेष परिस्थितिका कारण पाँच वर्षभित्र निर्वाचन हुन नसकेमा छ महिना थप गर्न सकिने व्यवस्था गर्ने निर्णय गरेको छ। उक्त निर्णय पार्टीको आगामी चौधौँ महाधिवेशनमा राखिने पार्टी कार्यालयले जनाएको छ। बैठकले म्याद समाप्त भएका भारत, अमेरिका, इटाली, जर्मनी, स्पेन, कतार, मलेशिया, न्यूजील्याण्ड, पोल्याण्ड, चीन, फिनल्याण्ड, आयरल्याण्ड, स्वीडेन, स्वीट्जरल्याण्ड, साउदी अरब, बेल्जियम, जापान, अष्ट्रेलिया, दक्षिण कोरिया, पोर्चुगल, मकाउ, बहराइन, ओमन, फ्रान्स र लग्जम्बर्गस्थित नेपाली जनसम्पर्क समितिको अवधि समाप्त भएको मितिले आगामी असारभित्र अधिवेशन सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णयसमेत गरेको छ। बैठकले समायोजन हुन बाँकी रहेका जिल्लाको पार्टीको अन्तरिम संरचना समायोजन गरिसक्नुपर्ने अन्तिम अवधि यही फागुन १५ गतेभित्र तोकेको उनले बताए। साथै केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची पार्टीको केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि आगामी जेठ २४ गतेभित्र तोकिएको समेत उनले बताए। बैठकले कांग्रेसको विधानबमोजिम क्रियाशील सदस्यता छानबिन समितिको संयोजकमा रमेश लेखक र सदस्यमा आनन्दप्रसाद ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, प्रदीप पौडेल, कल्याणकुमार गुरुङ र योगेन्द्र चौधरीलाई मनोनयन गरेको छ। बैठकले प्रतिनिधिसभा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## तोकिएका मितिमा निर्वाचन सम्पन्न गर्छौं - प्रमुख आयुक्त थपलिया

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन तोकिएकै मितिमा सम्पन्न गर्ने आयोगको अर्जुनदृष्टि रहेको बताएका छन्।

पाँचौ निर्वाचन दिवसका अवसरमा निर्वाचन आयोगमा शुक्रबार आयोजित कार्यक्रममा उहाँले इतिहासको विरासत र साखलाई खुम्चन नदिइ उत्कृष्ट निर्वाचन व्यवस्थापन निकायको रूपमा आयोगलाई पहिचान दिलाउन कृतसङ्कल्पित भइ निरन्तर प्रयासरत रहने प्रतिवद्धता व्यक्त गरे। आयोगले विक्रम सम्वत् २०१५ मा पहिलो पटक मतदान भएको दिनलाई स्मरण गर्दै सम्वत् २०७३ सालदेखि प्रत्येक वर्षको फागुन ७ गते निर्वाचन दिवस मनाउँदै आएको छ।

यस बर्षको निर्वाचन दिवसको मूल नारा "निर्वाचनमा सबै, सधैँ, सँगै" भन्ने रहेको थियो। सरकारले आगामी वैशाख १७ र २७ गते गरी २ चरणमा निर्वाचन गर्ने घोषणा गरेअनुरूप आयोग आन्तरिक तयारीमा तीव्ररूपमा जुटिरहेको छ। प्रमुख आयुक्त थपलियाले भने "स्वच्छ, स्वतन्त्र र निष्पक्षरूपमा निर्वाचन सम्पन्न गर्न/गराउन प्राविधिक तथा व्यवस्थापकीयरूपमा आयोग सक्षम छ, राजनीतिक दलले निर्वाचनका लागि उपयुक्त वातावरण तयार गर्नुपर्ने हुन्छ।"

## पार्टी कमिटिलाई केही दिनभित्रै पूर्णता दिइने

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को दाहाल-नेपाल समूहले केही दिनभित्रै प्रदेश, जिल्ला कमिटी, केन्द्रीय निकायलाई पूर्णता दिने भएको छ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा शुक्रबार बसेको केन्द्रीय समितिको बैठकले पार्टी एकीकरणका बाँकी काम तथा प्रदेश कमिटीका पदाधिकारीको चयन, जिल्ला कमिटीका पदाधिकारी र केन्द्रीय निकायको एकीककरणको कामलाई पूर्णता दिने निर्णय गरेको छ। बैठकमा त्यसका लागि प्रदेश कमिटी र जिल्ला कमिटीसमेतले पाएको जिम्मेवारी र अधिकारका बारेमा तुरुन्तै निर्णय गरेर विशेष परिपत्र जारी गरिने जानकारी अध्यक्षद्वय माधवकुमार नेपाल र पुष्पकमल दाहाल 'प्रचण्ड'ले गराउनुभएको प्रवक्ता नारायणकाजी श्रेष्ठले बताए। शुक्रबारको अनौपचारिक बैठकले प्रतिनिधिसभा विघटनको कदमविरुद्ध पार्टीले जारी राखेको आन्दोलनको समीक्षासमेत गरेको उहाँले जानकारी दिए। सडक संघर्षको तीन चरणको कार्यक्रम सम्पन्न भएको र कानूनी लडाइँसमेत जारी रहेको अवस्थामा घोषणा गरिएको चौथो चरणको कार्यक्रम पनि सफलतापूर्वक सम्पन्न गर्न सिंगो पार्टी परिचालन गर्न बैठकले निर्देशित गरेको प्रवक्ता श्रेष्ठको भनाइ छ।

यस्तै बैठकले संवैधानिक निकायले कानून सम्मत् तरिकाले विषयको निर्णय गर्ने र त्यो देश, जनताको हितमा समेत हुने विश्वास व्यक्त गरेको छ। बैठकमा शुक्रबार अध्यक्षद्वय नेपाल र दाहालले मुलुकको पछिल्लो राजनीतिक अवस्थाका बारेमा जानकारी गराएका थिए।

## मुख्यमन्त्रीद्वारा प्रजातन्त्र दिवसको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले २००७ सालको क्रान्तिको प्रतिफल स्वरुप प्राप्त प्रजातन्त्रकै जगमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासम्म आइपुगेको बताएका छन्। ७१ औं प्रजातन्त्र दिवसको अवसरमा शुक्रबार

बाँकी अन्तिम पृष्ठमा ▶▶



# मुख्यमन्त्री कप भलिवल प्रतियोगिताको शनिबार फाइनल खेल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

पोखरामा जारी प्रदेश स्तरिय मुख्यमन्त्री कप महिला तथा पुरुष भलिबल प्रतियोगिता अर्न्तगत शनिबार फाइनल खेल हुने भएका छन्। उपाधिको लागि महिला तर्फ पर्वत र म्याग्दी बिच फाइनल खेल हुने भएको छ भने पुरुष तर्फको फाइनल खेलमा तनहुँले स्याङजाको सामना गर्ने भएको हो।

पोखरा रंगशालाको भलिवल कोर्टमा शनिबार दिउँसो १:०० बजे पछि फाइनल खेल सुरु हुने भएको प्राविधिक प्रमुख एवं अन्तराष्ट्रिय भलिवल रेफ्रि टहलसिंह थापाले बताए। महिला तर्फ शुक्रबारको खेलमा कास्कीले पर्वतसंग सोझो तीन सेटमा पराजित भएको छ। कास्कीलाई पर्वतले २५–१५, २५–२३ र २५–१२ को सोझो सेटमा पराजित गरी फाइनलमा यात्रा बनाएको हो। अर्को सेमिफाइनल खेलमा म्याग्दीले तनहुँलाई २५–११, २५–१९ र २५–१३ को सोझो सेटमा पराजित गरी फाइनलमा प्रबेश गरेको हो। तेश्रो स्थानको लागि कास्की र तनहुँ बिच खेल हुने भएको छ। त्यस्तै पुरुष तर्फको भलिवल खेलको पहिलो सेमिफाइनलमा स्याङजाले पर्वतलाई ३–१ को सेटमा पराजित गर्दै फाइनलमा यात्रा बनाएको हो। स्याङजाले पर्वतलाई २५–२०, २५–१७, २५–२७ र २५–१७ को सेटमा पराजित गरेको हो। अर्को सेमिफाइनल खेलमा भने तनहुँले म्याग्दीलाई २१–२५, ३२–३०, २५–१४ र २५–२० को सेटमा पराजित गरी फाइनलमा प्रबेश गरेको हो। तेश्रो स्थानको लागि म्याग्दी र पर्वत बिच शनिबार खेल हुने भएको छ। मनाङ बाहेक गण्डकी प्रदेशका १० वटा जिल्लाको सहभागिता रहेको प्रतियोगितामा कास्की महिला तथा पुरुष दुबै टिम प्रतियोगिताबाटै बाहिरिएको छ। भलिवल खेलको प्रबर्द्धन गर्न र जनसहभागिता बढाउन, भलिवल खेल मार्फत पर्यटन प्रबर्द्धन गर्न, उत्कृष्ट खेलाडी पहिचान गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागिता गराउन पनि उत्त प्रतियोगिता पहिलो पटक पोखरामा आयोजन गरिएको कास्की जिल्ला भलिबल संघका अध्यक्ष भिम पराजुलीले बताए।

नवौं राष्ट्रिय खेलकुदको लागि उत्कृष्ट खेलाडी छनौट गरी बन्द प्रशिक्षणमा कम्तिमा एक महिना राखि गण्डकीको उत्कृष्ट टिम तयार पार्ने योजना रहेको अध्यक्ष पराजुलीले जनाए।

प्रतियोगितामा उपाधि विजेता महिला तथा पुरुष टिमले जनही नगद २/२ लाख, उपविजेता टिमले जनही नगद १/१ लाख तथा तेश्रो हुने टिमले जनही ५०/५० हजारका साथमा कप, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको प्रतियोगिता संयोजक खगेन्द्र गौचनले बताए। प्रतियोगितामा उत्कृष्ट हुने महिला तथा पुरुष खेलाडीलाई जनही ५/५ हजार, उत्कृष्ट सेटर, डिफेण्डर, स्पाइकर र लिफ्टरले समेत नगद ५-५ हजारका साथमा प्रमाणपत्र प्राप्त गर्ने संयोजक गौचनले बताए।

# कांग्रेस...

विघटनका विरुद्धमा केन्द्रीय कार्यसमितिले घोषणा गरेअनुरुप गत पुस १३ गतेदेखि यही फागुन ३ गतेसम्म विभिन्न तहमा भएका प्रदर्शनमा भएको व्यापक सहभागिताबाट पार्टीले अघि सारेको धारणाका पक्षमा व्यापक जनमत प्रकट भएको ठहर गरेको छ। तसर्थ पार्टीको क्रियाशील सदस्यता वितरण र महाधिवेशन तयारीका कार्यहरुलाई असर नपर्ने गरी आन्दोलनलाई निरन्तरता दिँदै कार्यक्रम निर्माण र आयोजना गर्न पार्टी जिल्ला कार्यसमिति एवं विभिन्न तहलाई गर्न निर्देशनसमेत दिएको छ। मुलुकमा महिला उपर हिंसा, बलात्कार र हत्याका घटना पछिल्लो समय झनै बढेर गएकामा गम्भीर चिन्ता प्रकट गर्दै बैठकले त्यसविरुद्ध समाजको जागरुकता र राज्यको कर्तव्यमा तदारुकता बढाउन अपिल गर्ने निर्णय गरेको छ। साथै यस्ता घटनाका विरुद्ध दबाबमूलक अभियानका लागि यही फागुन ८ गते दिनको १ बजे राजधानीको रत्नपार्क (शान्तिवाटिका) मा नेपाल महिला सङ्घद्वारा आयोजित प्रदर्शनमा व्यापक सहभागिताका लागि बैठकले सबैलाई अपिल गरेको छ। बैठकले कोभिड-१९ को प्रकोप अझै समाप्त नभएको भन्दै कोभिडको नयाँ भेरिएन्ट नेपालमा प्रवेश हुन नदिनका लागि आवश्यक पर्ने सम्पूर्ण उपाय गर्न सरकारसँग माग गरेको छ। कांग्रेसले एकातर्फ निर्वाचन घोषणा भएको छ भनेर दलको विवाद निरुपण नगर्न निर्वाचन आयोगलाई दबाब दिने, अर्कातर्फ निजामती सेवा र प्रहरीमा सरुवा, विभिन्न निकायमा नियुक्ति एवं समस्या समाधान गर्न होइन नागरिकलाई प्रलोभनमा पार्ने उद्देश्यले भूमि आयोगमा नियुक्ति गर्ने द्वैध चरित्रले सत्ताको चरम दुरुपयोग भएको आरोप लगाउँदै नैतिक आचारको दृष्टिले समेत यो विल्कुलै गलत र आपत्तिजनक रहेको ठहर गरेको छ।

बैठकले कोभिड-१९ बाट आर्थिकरूपमा कमजोर भएका आम नागरिकमाथि सरकारले हालै गरेको पेट्रोलियम पदार्थको मूल्यवृद्धिले आम नागरिक झन् मर्कामा परेको उल्लेख गर्दै आम नागरिकको दैनिक जीवनसँग सरोकार राख्ने पेट्रोलियम पदार्थको मूल्य वृद्धि तुरुन्त फिर्ता लिन सरकारसँग माग गरेको छ। बैठकमा कोषाध्यक्ष सीतादेवी यादव, केन्द्रीय सदस्य डा प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला, डा रामशरण महत, बलबहादुर केसी, रमेश रिजाल, अर्जुनप्रसाद जोशी, शङ्कर भण्डारी र ईश्वरी न्यौपानेले आफ्नो धारणा राखेका थिए।

# प्रजातन्त्र दिवसको उपल्यक्षमा बुद्ध विशाल बजारमा झण्डातोलन

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**




बुद्ध विशाल बजार व्यापारिक एशोसियसन पोखरा ४ ले प्रजातन्त्र दिवसको उपल्यक्षमा एशोसियसनको लोगो अंकित झण्डा झण्डातोलन गरेको छ।

कार्यक्रममा बोल्दै बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष केशव वहादुर क्षेत्रीले फागुन ७ गते प्रजातन्त्र दिवसको दिनसम्पुर्ण नेपालीहरूको लागी विशेष दिन भएको र उक्त दिन बुद्ध विशाल बजारका व्यवसायीहरूको लागी पनि एतिहासिक दिन भएकोहुदा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको हालै सम्पन्न साधारणरण सभाले पारित गरे अनुसार बुद्ध विशाल बजार व्यापारिकएशोसियसनको लोगो अंकित झण्डा झण्डातोलन गरिएको बताए। खत्रीले यस कार्यक्रमलाई वार्षिक रूपमा नै मनाउदै जाने बताउदैआफु व्यवसायीको हकहितको लागी सम्वन्धित ठाँउमा सधै आवाज उठाईरहने बताए।

कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिकएशोसियसनका मानार्थ सदस्य सुदिप ढकालले प्रजातन्त्र दिवसको दिन बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले एउटा एतिहासीककाम गरेकोमा खुशी प्रकट गरे।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सचिव ईन्द्रराज अर्यालले सन्चालन गरेको कार्यक्रममा उपाध्यक्ष शिव शर्माले स्वागतमन्तव्य राखेका थिए भने धन्यवाद ज्ञापन निर्वातमान अध्यक्ष प्रदिप मुल्मीले गरेका थिए। झण्डातोलन कार्यक्रममा बुद्ध विशाल बजारकाव्यवसायीहरूको बाक्लो उपस्थिति रहेको थियो।

# नागढुङ्गा विकास समाजद्वारा इको मल वितरण

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**




"कौशीखेती प्रवर्द्धन गरौं, तरकारीमा आत्मनिर्भर बनौं" भन्ने अभियानका साथ नागढुङ्गा विकास समाजले शुक्रबार एक कार्यक्रममार्फत आफ्ना सदस्यहरुलाई आंशिक अनुदानमा इकोमल, इ.एम. तथा तरकारीका बेर्ना वितरण गरेको छ।

समाजका अध्यक्ष डम्मरराज सुवेदीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा वडा सदस्यद्वय पुष्पराज सिग्देल र लक्ष्मी कौशल विशेष अतिथि रहनुभएको थियो। कार्यक्रममा मन्तव्य राख्दै विशेष अतिथिद्वयले समाजसुधारको क्षेत्रमा नागढुङ्गा विकास समाजले उदाहरणीय कार्य गरेकोमा प्रशंसा गर्दै वडाको सदैव साथ र सहयोग रहने बताउनुभयो। फोहोरमैला व्यवस्थापन गरी सरसफाईमा समेत नमूना टोल बनाउने अभियानमा लागेको टोलको कार्यक्रममा मन्तव्य राख्दै पोखरा महानगरपालिाफोहोरमैलाव्यवस्थापन शाखाका प्रतिनिधिले फोहोरमैला व्यवस्थापनमा समाजले चालेको अभियानमा कार्यालयको सहयोग रहने बताउनुभयो। घरबाट निस्कने फोहोर सकेसम्म स्थानीयस्तरमै विसर्जन गर्ने अभियानमा लाग्नुपर्ने कुरा समेत वहाँले बताउनुभयो।

कार्यक्रममा बोल्दै अध्यक्ष डम्मरराज सुवेदीले समाजको काममा सदस्यहरुले पुऱ्याउनु भएको सहयोगको लागि धन्यवाद व्यक्त गर्नुभयो। कार्यक्रममा सल्लाहकार भीमनाथ बरालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने सचिव गुरुदत्त शर्माले कार्यक्रम संचालन गर्नुभएको थियो।

स्मरणीय छ, पोखरा महानगरपालिका वडा नं. ८ को ५० प्रतिशत अनुदानमा १ हजार किलो मल, २० लिटर इ.एम. तथा ७० वटा तरकारीका बेर्ना समाजका सदस्यहरुलाई वितरण गरिएको थियो।

२०६८ सालमा स्थापित नागढुङ्गा विकास समाजले दर्पण प्रकाशन, कौशीखेती प्रवर्द्धन, सरसफाई, सिसि क्यामेरा जडान, बस्तीको नामाकरण, महिला हिंसा न्यूनिकरण जस्ता उदाहरणीय कार्य गर्दै आएको छ। साथै सरसफाई, कौशीखेती, सामाजिक विकृतिविरुद्धको अभियान जस्ता कार्यक्रममा हातेमालो नागढुङ्गा आमा समूह र विकास समाजले संयुक्त रुपमा कार्यक्रम अगाडि बढाउने प्रतिवद्धता समेत उक्त कार्यक्रममा व्यक्त गरियो।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# सृजना विकास केन्द्रको रक्तदान

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

७१ औं प्रजातन्त्र दिवसको अवसरमा सृजना विकास केन्द्रको आयोजनामा शुक्रबार पोखरामा आयोजना भएको खुल्ला रंत्तदान कार्यक्रमबाट ५९ यूनिट रंत्त संकलन भएको छ।

संस्थाका प्रथम उपाध्यक्ष ६५ औं यूनिट रंत्तदान गरेका कृष्ण बहादुर थापालाई कार्यक्रमका प्रमुख अतिथि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा.बुद्धिबहादुर थापाले ब्लड व्याग हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरेका थिए।

केन्द्रका अध्यक्ष इन्द्र प्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न भएको रंत्तदान कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर ८ का वडा अध्यक्ष रुद्रनाथ बराल, क्षेत्रिय रंत्त संचार सेवा केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञावाली, केन्द्रका सल्लाहकार सोमनाथ बराल, प्रथम उपाध्यक्ष कृष्ण थापा, कार्यक्रम संयोजक अशोक श्रेष्ठ, महासचिव चन्द्र गिरी लगायतले रंत्तदानको बारेमा चर्चा गरेका थिए।

# मुख्यमन्त्रीद्वारा...

प्रकाशित शुभकामना सन्देशमा उनले १०४ वर्षीय जहानीयाँ निरङ्कुश राणाशासनको अन्त्य गरी प्रजातन्त्र स्थापनाका लागि आफ्नो जीवन आहुति गर्ने सम्पूर्ण शहीदप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै सम्पूर्ण अग्रजप्रति उच्च सम्मान प्रकट गरेका हुन्। मुख्यमन्त्री गुरुङले शुभकामना सन्देशमा भनेका छन्, "संविधानको मर्म र भावनाअनुरुप सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई थप सुदृढ गराउँदै सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न सक्दा नै प्रजातन्त्र दिवसको अर्थपूर्ण स्मरण हुनेछ।"


## सुचना ! सुचना !! सुचना !!!

**१९ औं आहा ! रारा गोल्ड कप फुटबल** प्रतियोगिता २०७७ को लागि आयोजक टिमबाट सहभागी हुने खेलाडीको छनौटको लागि निम्नानुसार आव्हान गरिएको हुँदा ईच्छुक खेलाडीहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

**तपशिल** :
**मिति** : २०७७ साल फागुन १४ र १५ गते
**समय** : दिउसो १:०० बजे
**स्थान** : सहारा फुटबल एकेडेमी, दोविल्ला, पोखरा–१७
**सर्म्पक फोन नं.**:
सुनिल राना मगर– ९८६९६०७५१७
विष्णु गुरुङ– ९८०६६८६१८७
संतोष अर्याल– ९८५६०३६२०९

**आयोजक** :
**सहारा क्लब पोखरा**





## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

**नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।**


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५३२५०८, ०६१–५२०६५१, ०६१–५३७८५७, E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# दर्शन बचत तथा ऋण सहकारीले वृद्धाश्रमलाई सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

दर्शन बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १७ छोरेपाटनले आफ्नो ११ औं जन्मोत्सवको अवसर पारी वात्स्यायन वृद्धाश्रम पोखरा १४ लाई आर्थिकको साथै खाद्य सामाग्री, म्याट, ग्यास चुलो, लगाएत सहयोग प्रदान गरेको छ।

कार्यक्रममा सहयोग हस्तान्तरण गर्दै सहकारीका अध्यक्ष बिष्णु उच्चैले सामाजिक उत्तरदायित्व वहन गर्दै उक्त सहयोग गरेको बताउदैं अझै सहयोग गर्ने र आमा बा सेवा गरेकोमा वात्स्यायन वृद्धाश्रमका सहयागीहरु प्रति कृतज्ञ व्यक्त गर्नु भयो। उहाँले १२ हजार ५ सय पाँच रुपैंया वृद्धाश्रमका उपाध्यक्ष रेशम जि. सी.लाई हस्तान्तरण गर्नुभएको थियो। कार्यक्रममा सहकारीका पदाधिकारी, व्यवस्थापक, कर्मचारीहरु, शेयर



सदस्यहरुको सहभागितामा रकम हस्तान्तरण गरिएको सहकारीका सचिव फम सिंहले जानकारी दिनुभयो।

सहकारीका निर्वतमान अध्यक्ष खिम बहादुर शाहिले आफ्नो पालामा सुरु गरेको कार्यलाई निरन्तरता दिएकोमा नयाँ कार्य समितिलाई धन्यवाद व्यक्त गर्दै सहयोग निरन्तर रहने बताउनु भयो। उक्त कार्यक्रममा वात्स्यायन वृद्धाश्रमका उपाध्यक्ष रेशम जि. सी.ले वृद्धाश्रम चलाउन सजिलो नभएको बताउदैं सबैजनाको सहयोग सञ्चालन गर्न सजिलो भएको जानकारी दिनु भयो।

उहाँले कार्यालय सचिव पंडित युवराज वाग्ले र वाग्लेको परिवारले वृद्धाश्रममा पुरै समय दिएर गरेको कार्यको प्रशंसा गर्नुभयो।

# अनुदानमा ९० किसानलाई हाते ट्र्याक्टर

**पोखरापत्र संवाददाता**
**लमजुङ, ७ फागुन**

पहाडी जिल्ला लमजुङमा अनुदानमा यहाँका ९० जना किसानलाई हाते ट्र्याक्टर वितरण गरिएको छ।

कृषिमा यान्त्रीकरण गरी लागत घटाउने र उत्पादन बढाउने उद्देश्यले जिल्लाको बेंसीशहर नगरपालिकाले नगरभित्रका ९० जना किसानलाई शुक्रबार हाते ट्र्याक्टर वितरण गरेको हो।

नगर प्रमुख गुमानसिंह अर्याललले किसानलाई ट्र्याक्टर वितरण गर्नुहुँदै कृषिमा यान्त्रीकरण गरी लागत घटाउन र कृषि क्षेत्रलाई प्रविधिमैत्री बनाउन नगरपालिकाले किसानलाई हाते ट्र्याक्टर वितरण गरेको बताउनुभयो। उहाँले नगरपालिकाले अनुदानमा किसानलाई हाते ट्र्याक्टर उपलब्ध गराएपछि बाँझो जग्गा प्रयोगमा आउन थालेको बताउनुभयो। वैदेशिक रोजगारको सिलसिलामा विदेश पलायन भएर गाउँ फर्किएका युवालाई गाउँमै स्वरोजगार बनाउने र जनशक्तिको अभावमा गाउँमा बाँझो रहेका जग्गालाई पुनःप्रयोगमा ल्याउन हाते ट्र्याक्टर प्रभावकारी भएको नगरप्रमुख अर्याललले बताउनुभयो।

यस नगरपालिकाले चालू आर्थिक वर्षमा विनियोजन गरेको रु २५ लाख २० हजार बजेटमा ट्र्याक्टर खरीद गरी किसानलाई वितरण गरेको नगरको कृषि शाखा प्रमुख सूर्यप्रसाद सेढाईंले बताउनुभयो। नगरपालिकाले यस वर्ष तीन प्रकारको हाते ट्र्याक्टर वितरण गरेको छ।

नगरपालिकाले यस वर्ष सात हर्सपावर डिजेल वाला, सात हर्स पावर पेट्रोल वाला र छ हर्सवापरको गरी तीन प्रकारको ट्र्याक्टर वितरण गरेको छ। रु ५० हजार मूल्यपर्नेमा ५० प्रतिशत अनुदानमा रु २५ हजार किसानको रु २५ हजार नगरपालिकाको, रु ६० हजार र रु ७० हजार पर्नेमा रु २८ हजार नगरपालिकाको र बाँकी किसानको गरी वितरण गरेको कृषि शाखा प्रमुख सूर्यप्रसाद सेढाईंले बताउनुभयो।

गत वर्ष माग भई आएका सबै १०६ किसानलाई ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर विरतण गरेको थियो। यस वर्ष भने हाते ट्र्याक्टरका लागि ३०० जना किसानको आवेदन परेकामा ९० जनालाई मात्र विरतण गरिएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले मिनिटिलर वितिरणसँगै भाडामा एकरुपता ल्याउन मिनिटिलरको भाडासमेत निर्धारण गरेको छ। पछिल्लो समय गोरु पाउन गाह्रो, युवा पुस्ता वैदेशिक रोजगारमा रहेकाले गाउँमा खेतालाको अभाव हुनेलगायतका समस्याले गर्दा गाउँमा खेतीयोग्य जमीन बाँझो रहन थालेको थियो। यस ट्र्याक्टरको प्रतिघण्टा ७०० रुपैयाँ तोकिएको छ।

# इन्सेक उत्कृष्ट जिल्ला प्रतिनिधि पुरस्कारबाट सुशन घिमिरे सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

इन्सेक उत्कृष्ट जिल्ला प्रतिनिधि सन् २०२० को पुरस्कारबाट गन्थनकर्मी सुशन घिमिरे सम्मानित भएका छन्।

इन्सेकले फागुन ७ गतेका दिन 'नेपाल मानवअधिकार वर्ष पुस्तक' सार्वजनिकको अवसरमा हरेक वर्ष १ उत्कृष्ट जिल्ला प्रतिनिधिलाई सम्मान गर्दै आएको छ। इन्सेकले पुस्तक अभिलेखिकरण र परलेखिकरणमा काम गर्नेहरुमध्येबाट उत्कृष्ट जिल्ला प्रतिनिधिलाई गण्डकी



प्रदेशबाट सम्मानित गर्ने गरेको छ। यसवर्ष सम्मानित भएका घिमिरेलाई गण्डकी प्रदेशका मुख्य न्याधिवक्ता राजेन्द्र घिमिरेले प्रमाणपत्र, मायाको चिनो र नगद ७ हजार प्रदान गरेका थिए।

# लोकतन्त्रमा चुनाव अपरिहार्य : प्रधानमन्त्री ओली

**रासस**
**काठमाडौं, ७ फागुन**

प्रधानमन्त्री केपी शर्मा ओलीले लोकतन्त्रमा पटकपटक निर्वाचन हुने बताउनुभएको छ। "केही व्यक्तिले चुनाव भए लोकतन्त्र समाप्त हुन्छ भन्दै छन्", उहाँले भन्नुभयो, "लोकतन्त्रमा चुनाव अपरिहार्य कुरा हो।" एकहत्तरौँ प्रजातन्त्र दिवसको अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठानले आज कमलादीमा आयोजना गरेको साहित्यिक तथा सांस्कृतिक कार्यक्रममा उहाँले जनतामाझ जान कोही डराउन नहुने उल्लेख गर्नुभयो।

निर्वाचन हुन नदिनका लागि विभिन्न षड्यन्त्रहरू भइरहेकोले त्यसका लागि नेपाली जनता सचेत हुनुपर्नेप्रधानमन्त्रीओलीलेउल्लेख गर्नुभयो। उहाँले जनताको साथ लिएर सरकार अघि बढिरहेको बताउनुभयो। उहाँले निर्वाचनको तयारी तीव्र गतिमा गर्न निर्वाचन आयोगका पदाधिकारीलाई निर्देशन दिनुभयो। "जनतालाई आभास हुने गरी निर्वाचनको तयारी गर्नुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो।

निर्वाचन हुन्छ कि हुँदैन भन्नेबारे विभिन्न भ्रम फैलाउने गरिएको प्रसङ्गमा प्रधानमन्त्री ओलीले जनतालाई ढुक्कका साथ आफ्नो मतदान गर्न आग्रह गर्नुभयो। लोकतन्त्र सुदृढ गर्न निर्वाचन आवश्यक भएको उहाँको भनाइ थियो। इतिहासमा पटकपटक आपसमा लडाउने भिडाउने षड्यन्त्र भएको उल्लेख गर्दै उहाँले देशलाई एकतामा बाँध्नु जरुरी भएको स्पष्ट पार्नुभयो। "मेरो जीत आवश्यक छैन, जनतालाई जिताउनु छ", प्रधानमन्त्री ओलीले भन्नुभयो। राज्यका विभिन्न निकायलाई धमक्याउने तर्साउने काम भइरहेकामा उहाँले आपत्ति प्रकट गर्नुभयो। उहाँले विथोल्ने बिगार्ने तत्वदेखि सावधान हुन जरुरी रहेको उल्लेख गर्नुभयो। ताजा जनादेशका लागि प्रतिनिधिसभा भङ्ग गरेको उल्लेख गर्दै उहाँले जनमत लिनका लागि कोही पनि डराउन नहुने बताउनुभयो।

बहुमतका नाममा पार्टी फुटाउने चक्रब्युहको रचना गरिएकाले त्यसअघि नै चक्रब्युह तोडिएको प्रधानमन्त्री ओलीको भनाइ थियो। बहुमत भत्काएर देशलाई अस्थिरतातर्फ धकेल्ने प्रयास गरिए पनि आफूले त्यसलाई सफल हुन नदिएको उहाँले उल्लेख गर्नुभयो।

विसं २००७ को परिवर्तन नै देशका लागि मुख्य जग भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले बेलाबेलामाआन्दोलनकाउपलब्धि खोसिने गरे पनि जनताको चेतना भने कसैले खोस्न नसक्ने बताउनुभयो। "२००७ सालको परिवर्तनले सर्वाधिक दूरगामी महत्व राख्छ, त्यसकै परिवर्तनको जगमा देशमा अन्य परिवर्तनहरू भएका हुन्।" उहाँले भन्नुभयो, विसं २००७ अघि साहित्यकार र कविहरूले राणा शासन हटाउनमा अहम् भूमिका निर्वाह गरेको सो अवसरमा उहाँले स्मरण गर्नुभयो। "परिवर्तनका लागि कवि र लेखकहरूले जागरण अभियान चलाएका हुन्", उहाँले भन्नुभयो। "बुद्धिजीवीहरू अलमलिए पनि जनता अलमलिँदैनन्", उहाँले भन्नुभयो, "वुद्धिजीवीले सही बाटो देखाउन सहयोग गर्नुपर्छ।"

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले २००७ सालकै परिवर्तनका कारण नेपाल नयाँ युगमा प्रवेश गरेको बताउनुभयो। बीचबीचमा विभिन्न विघ्नबाधा आए पनि २००७ सालकै जगमा देशमा महत्वपूर्ण परिवर्तन भएको उहाँले उल्लेख गर्नुभयो। "आजको दिन पवित्र दिनका साथै जीवनको अभिन्न अङ्गसमेत बनेको छ", कुलपति उप्रेतीले भन्नुभयो, "आजको दिन आगामी यात्राका लागि पनि प्रेरणा बन्ने छ।"

सो अवसरमा प्रधानान्त्री ओलीले राष्ट्रव्यापी कविता र निबन्ध प्रतियोगितामा उत्कृष्ट हुनुभएका सर्जकलाई नगद र सम्मानपत्रसहित सम्मान गर्नुभएको थियो। निबन्धतर्फ गणेशप्रसाद भट्टराई प्रथम, रेजिना आपगाई दोस्रो र प्रेमराज सिलवाल तेस्रो तथा कवितातर्फ विक्रमपवन परियार प्रथम, गोविन्दगोपाल खतिवडा दोस्रो र तेज राई तेस्रो हुनुभयो। उहाँहरूलाई क्रमशः रु ५० हजार, रु ४० हजार र रु ३० हजार प्रदान गरिएको थियो। नेपाल प्रज्ञा-प्रतिष्ठानलाई देशभरबाट १७३ कविता तथा ७३ निबन्ध प्राप्त भएका थिए। कार्यक्रमको समापनमा प्रधानमन्त्री ओलीले नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव प्राडा जगतप्रसाद उपाध्यायलाई प्रमाणपत्र प्रदान गर्नुभएको थियो। सो अवसरमा विभिन्न वेशभूषा र संस्कृति झल्किने सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो।

# महाशिलाको मुख्य केन्द्र सारिने

**पोखरापत्र संवाददाता**
**पर्वत, ७ फागुन**

सङ्घीयता कार्यान्वयनसँगै स्थानीय तह गठन भएपछि वडा नं ३ बालाकोटमा तोकिएको पर्वतको महाशिला गाउँपालिकाको स्थायी केन्द्र परिवर्तन गरिने भएको छ।

गाउँपालिकाको नवौं गाउँसभाले पालिकाको स्थायी मुख्य केन्द्र साविक वडा नं ५ लुङ खुदेउराली र वडा नं ३ बालाकोटको सिमानामा पर्ने काफलडाँडा र ठूलास्वाँरामा बनाउने निर्णय गरेको हो। गाउँपालिकाको मुख्य प्रशासनिक कार्यालयका दुईवटा भवन काफलडाँडा र ठूलास्वारामा निर्माण गर्ने निर्णय गाउँसभाले गरेको महाशिला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद पौडेलले जानकारी दिनुभयो। हाल गापाको काम साविक वालाकोटको गाविस भवनवाट सेवा प्रवाह गरिँदै आएको छ। उक्त कार्यालय साँघुरो र नयाँ संरचना बनाउने ठाउँसमेत पर्याप्त नहुँदा दैनिक कार्यसम्पादनमा समस्या पर्दै आएको छ। काफलडाँडा र ठूलास्वाँरामा नौ रोपनी जग्गा रहेको छ। प्रदेश र सङ्घीय सरकारको सहयोगमा बन्ने प्रशासनिक भवनका लागि गाउँसभाले स्रोतको सुनिश्चितता गर्ने निर्णयसमेत गरेको अध्यक्ष पौडेलले जानकारी दिनुभयो। "हामीले नयाँ प्रशासनिक भवन निर्माणका लागि स्रोतको सुनिश्चिततासमेत गरेका छौँ", उहाँले भन्नुभयो, "वडा नं ३ कै काँफलडाँडा र सँगै जोडिएको ठूलास्वाँरामा भवन बनाउँदा सबैलाई पायक पर्ने भएकाले गाउँसभाले सर्वसम्मत निर्णय गरेको हो।" त्यसैगरी गाउँसभाले १५ शय्याको पालिकास्तरीय आधारभूत अस्पताल निर्माणका लागि डिपिआर तयार गर्ने निर्णय गरेको छ। उक्त अस्पतालको गएको मङ्सिर १५ गते शिलान्यास भइसकेको छ। गाउँसभाले बालाकोट स्वास्थ्यचौकीको भवन निर्माणसम्बन्धी जग्गा प्रस्तावसमेत अनुमोदन गरेको छ। राजस्वका दरमा परिवर्तन, घर जग्गाको नक्सा पासको दस्तुर निर्धारण गर्ने निर्णयसमेत गाउँसभाले गरेको अध्यक्ष राजुप्रसाद पौडेलले जानकारी दिनुभयो।

गाउँसभामा जनप्रतिनिधि निर्वाचित भएदेखि हालसम्म गरेका कामको बारेमा स्वेतपत्र प्रस्तुत गरिएको छ। उक्त स्वेतपत्रमा आवश्यक सुझाव तथा प्रतिक्रिया लिएपछि सार्वजनिक गरिने अध्यक्ष पौडेलले जानकारी दिनुभयो। गाउँपालिकाको समृद्धि र विकासका लागि के के काम भए र अब गर्नुपर्ने मुख्य काम के के छन् भन्ने विषयवस्तु समेटेर स्वेतपत्र जारी गरिएको उहाँले बताउनुभयो। गाउँसभाले केही आर्थिक तथा विनियोजन ऐन परिमार्जनकोप्रस्तावपारितगरिएको भने भने केही बजेट संशोधनसमेत गरिएको गाउँपालिकाका प्रवक्ता जीवनविक्रम उच्चैले जानकारी दिनुभयो।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : शारिरीक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : मानसिक तनाब | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।




# थप ९७ मा कोरोना सङ्क्रमण पुष्टि

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

देशभर पछिल्लो २४ घण्टामा थप ९७ जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो समय दुई हजार ९३१ जनाको स्वास्थ्य परीक्षण गर्दा ३१ महिला र ६६ पुरुष गरी सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो। त्यस्तै पछिल्लो समय कारोनाका कारण मृत्यु हुनेको सङ्ख्या भने तीन रहेको छ।

शुक्रबारसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ७३ हजार २६३ पुगेको छ। त्यस्तै पछिल्लो समय थप ११४ निको भएका छन्। योसँगै निको हुनेको सङ्ख्या दुई लाख ६९ हजार ६१९ रहेको छ। अहिले देशभर एक हजार ५८३ सक्रिय सङ्क्रमित छन्। उनीहरूमध्ये ६८ जना क्वारेन्टिनमा रहेका छन्। त्यसैगरी एक हजार ५८३ आइसोलेसनमा छन्। हालसम्म नेपालमा २१ लाख ३४ हजार २६१ को पीसीआर परीक्षण भएको छ। पछिल्लो समय कोरोनाका कारण थप तीन जनाको मृत्यु भएको छ। योसँगै हालसम्मा दुई हजार ६१ जनाले कोरोनाका कारण ज्यान गुमाएको मन्त्रालयले जनाएको छ।

# कावासोतीमा प्याराग्लाइडिङको परीक्षण सफल

**रासस**
**कवासोती, ७ फागुन**

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको कावासोतीस्थित बालुवाडाँडाबाट प्यारागलाइडिङ्गको परीक्षण उडान गरिएको छ। बिहीबार पाँच चालकले तीन पटक सफलरुपमा परीक्षण उडान गरेका छन्। चालकदलले एउटा उडान एक्लै र दुई वटा उडान दुई/दुई जनासहित उडान भरेका हुन्।

पर्यटकीय क्षेत्रका लागि नयाँ सम्भावनाको खोजी गर्ने क्रममा प्याराग्लाइडिङ्गको उडान परीक्षण गर्न लागिएको कावासोती नगरपालिका उपप्रमुख प्रेम शङ्कर मर्दनिया थारुले बताउनुभयो। कावासोती पर्यटकीय दृष्टिले सम्भावनाको क्षेत्र भएकाले यसको परीक्षण थालिएको उहाँले बताउनुभयो। नगरपालिकाले पर्यटकीय पूर्वाधार विकासमा समेत लगानी गरिरहेको भन्दै प्याराग्लाइडिङ्गको परीक्षण पूर्णरूपमा सफल भएमा यहाँ पर्यटनको नयाँ सम्भावनाको ढोका खुल्ने उपप्रमुख मर्दनिया थारुले बताउनुभयो।

पहिलो दिन आज पाइलट हरि थापाले पहिलो उडान गर्नुभएको थियो। बालुवाडाँडाबाट गरिएको उडानको कावासोती-१ मा रहेको पोखरीतालमा सफल अवतरण गरिएको हो। बालुवाडाँडा क्षेत्रमा हावाको बाहव, उडान र अवतरण क्षेत्र सबै दृष्टिले प्याराग्लाइडिङको लागि उपयुक्त रहेको प्राविधिक एवं पाइलट हरि पहारी बताउनुभयो। प्याराग्लाइडिङको लागि बालुवाडाँडा उत्कृष्ट स्थान बन्नसक्नेसम्भावनारहेकोपहारीले बताउनुभयो। बालुवाडाँडाको ९२७ मिटर उचाइबाट उडान भरिएको थियो।

कावासोती नगरपालिका प्रमुख चन्द्रकुमारी पुन र प्रमुख प्रशासकीय अधिकृत यज्ञ पुरीले अवतरणस्थल पोखरी ताल पुगेर पाइलटदललाई स्वागत गर्नुभएको थियो। सो क्रममा नगर प्रमुख पुनले कावासोती नगरपालिकामा पर्यटकीय दृष्टिले हरेक सम्भावना रहेको भन्दै योजना अगाडि बढाउने युवालाई धन्यवाद व्यक्त गर्नुभयो। कावासोती नगरपालिकाले समेत पर्यटकीय क्षेत्रको विकासमा लगानी गर्दै आएको बताउँदै यसको थप व्यवस्थापनमा समेत लागि पर्ने बताउनुभयो। कावासोतीका युवाले स्थानीय उमेश रानाको अध्यक्षतामा बालुवाडाँडा प्याराग्लाइडिङ युवा समूह गठन गरेर यहाँको सम्भावनाबारे अध्ययन र प्रक्रिया अगाडि बढाएका थिए। नागरिक उड्डयन प्राधिकरणबाट परीक्षण उडानको अनुमति प्राप्त भएपछि अवश्यक सहकार्यको लागि कावासोती नगरपालिकासँग अनुरोध गर्दा सकारात्मक सहयोग प्राप्त भएको समूहका सचिव विमल रानाले बताउनुभयो। चालक दलले पाँच दिनसम्म परीक्षण उडान गर्ने छन्। नियमितरुपमा प्याराग्लाइडिङ्ग सञ्चालनको लागि कस्तो सम्भावना रहन्छ भन्ने अध्यन गरिने चालक प्राविधिक एवं चालक पहारीले बताउनुभयो। आज बालुवाडाँडाकै फरक स्थानबाट परीक्षण उडान गरिने छ। यस्तै अवतरणका लागि समेत फरक फरक स्थानको पहिचान गरिने पहारीले बताउनुभयो। पाँच दिनसम्म गरिने उडानपश्चात् यहाँ व्यावसायिकरुपमा प्याराग्लाइडिङ्गको सम्भावना के रहन्छ भन्ने यकिन हुने बताउनुभयो तर पहिलो दिनको उडानले यहाँ प्याराग्लाइडिङ्ग सफल हुने देखिएको उहाँले बताउनुभयो।



फेवातालमा रमाउँदै पर्यटकः पोखराको फेवातालमा रमाउँदै आन्तरिक पर्यटक । रासस

# डायमण्डमा भलिबल

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

पोखरा महानगरपालिका वडा नं. २७ मा रहेको डायमण्ड मा.वि.मा छात्र तथा छात्राको खुल्ला भलिबल प्रतियोगिता सम्पन्न भएको छ।

कोरोनाको कारण विश्वनै अस्त व्यस्त भएको अवस्थामा सम्पूर्ण काम कार्यनै थप्प भएका थिए । पछिल्लो समय सुरक्षाको मापदण्ड अपनाएर चलाएमान भएको अवस्था रहेको छ । यसै विच विद्यालयमा अध्ययनको अलावा विद्यार्थीहरुमा अन्तरनिहित क्षमता उजागर गर्ने उद्देश्यले छात्र तथा छात्रा खुल्ला भलिबल प्रतियोगिता सम्पन्न गरिएको विद्यालय संयोजक दिनेश शर्माले बताएका छन् । छात्र तथा



छात्रा गरि जम्मा ५ टिम सहभागी प्रतियोगितामा छात्र तर्फ कक्षा ११ प्रथम हुन सफल भएको छ।

कक्षा १० लाइ २–१ को सेटमा हराउदै प्रथम हुन सफल भएको छ भने छात्रा तर्फ कक्षा १० प्रथम हुन सफल भएको छ। कक्षा ९ लाइ २–० को सेटमा हराउदै प्रथम हुन सफल भएको विद्यालयका अतिरिक्त क्रियाकलाव प्रमुख विकास लामिछानेले जानकारी दिएका छन्।

# पोखरामा ब्यूटी पार्लर सम्बन्धी दुई दिने सेमिनार सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

ब्यूटी पार्लर व्यवसाय सम्बन्धि दुई दिने सेमिनार पोखरामा सम्पन्न भएको छ।

काठमाडौमा रहेको स्कुल अफ ब्यूटिसियन आईटिसि स्कील डेभलप्मेन्ट ट्रेनिङ्ग सेन्टरको आयोजना र पोखराको विरौटामा रहेको शिसिर ब्यूटि पार्लर एण्ड ट्रेनिङ्ग सेन्टरको व्यवस्थापनमा बुधबार र बिहिबार दुई दिन सेमिनार सम्पन्न भएको हो । सेमिनारमा मेकअप, स्कीन र हेयर सम्वन्धि सीपका बारेमा प्रशिक्षण गराइएको स्थानीय व्यवस्थापक शिसिर थापा गोदारले जानकारी दिए । स्कुल अफ ब्यूटिसियन आईटिसि स्कील डेभलप्मेन्ट ट्रेनिङ्ग सेन्टर काठमाडौका ब्यूटिसियन तथा मेकअपका आटिर्स रुस्का बैद्य श्रेष्ठले प्रशिक्षण गराएकि थिईन्।




ब्यूटीपार्लरमा आउने सेवाग्राहीलाई मेकअप, स्क्रीन र हेयरका बारेमा सैद्धान्तिक ज्ञानहरु बारे जानकारी गराएको प्रशिक्षक श्रेष्ठले बताईन् । उनले ब्यूटिसियनहरुलाई टेक्निकल नलेजको बारे ज्ञान ज्ञान हुन आवश्यक रहेको बताईन्।प्रशिक्षक श्रेष्ठले सिटिईभिटिले सञ्चालन गर्ने परिक्षामा सहभागी हुदाँ समेत सहज होस भन्ने उद्देश्यले सेमिनार आयोजना गरेको बताईन् । आफनो पेशामा ब्यवसायीहरु दक्ष हुनुपर्छ भन्ने मान्यताले उनको छ।

पहिलो पटक स्कुल अफ ब्यूटिसियन आईटिसि स्कील डेभलप्मेन्ट ट्रेनिङ्ग सेन्टरले पोखरामा सेमिनार आयोजना गरेको हो । सेमिनारमा कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, पर्वत लगायत जिल्लाका ३७ जना ब्यूटिसियनको सहभागीता रहेको स्थानीय व्यवस्थापक शिसिर थापा गोदारले जानकारी दिईन्।

# तनहुँ समाज हङकङद्वारा पत्रकार सम्मानित

**पोखरापत्र संवाददाता**
**दमौली, ७ फागुन**

तनहुँ समाज हङकङले जिल्लाका तीन पत्रकारलाई सम्मान गरेको छ । समाजले जिल्लामा गरेको सामाजिक कामलाई सञ्चारमाध्यमको तर्फबाट प्रचारप्रसारमा सहयोग पुऱ्याएबापत समाजले तीन पत्रकारलाई सम्मान गरेको हो।

सम्मानित हुनेहरूमा नेपाल पत्रकार महासङ्घ तनहुँका अध्यक्ष ओमकार आचार्य, उपाध्यक्ष सोनी शर्मा र पत्रकार सुनिता आचार्य हुनुहुन्छ । आज यहाँ आयोजित कार्यक्रममा व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले उहाँहरूलाई दोसल्ला, प्रशंसापत्र र नगदले सम्मानित गर्नुभएको हो। पुरस्कारको राशी जनही रु पाँच हजार रहेको छ।

सो अवसरमा नगरप्रमुख न्यौपानेले समाजले जिल्लाको शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदान अतुलनीय रहेको बताउनुभयो । समाजको कामलाई जनतासामु पुऱ्याउन योगदान पुऱ्याउने पत्रकारलाई प्रत्येक वर्ष पुरस्कृत गरिने समाजका पूर्व अध्यक्ष भीमराज गुरुङले जानकारी दिनुभयो। कार्यक्रममा सम्मानित व्यक्तित्व एवं नेपाल पत्रकार महासङ्घ तनहुँका अध्यक्ष आचार्यले सम्मानले आफूलाई थप हौसला मिलेको बताउनुभयो।

समाजले तनहुँमा विगत १० वर्षदेखि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक क्षेत्रमा योगदान गर्दै आइरहेको छ। समाजले कोभिड महामारीको बेला दश वटै स्थानीय तहमा रु १५/१५ हजार सहयोग गरेको थियो । साथै गत असारमा आएको पहिरोबाट पीडित भएका ऋषिङका पहिरो पीडितलाई समाजले रु दुई लाख ४४ हजार सहयोग गरेको थियो।

समाजले जिल्लाको शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउन रु १५ लाखको अक्षयकोष पनि स्थापना गरेको छ । विसं २०५६ सालमा स्थापित समाजले जिल्लाको विभिन्न विद्यालयमा उक्त अक्षयकोषको व्याजबाट प्राप्त रकमले सहयोग गर्दै आइरहेको छ। समाजले यसका अतिरिक्त भानु जन्मस्थल विकास समितिमा रु पाँच लाखको लगानीमा पुस्तकालय स्थापना गरेको छ भने क्यामिनको छापथोक, भीमाद लगायतका स्थानमा खानेपानी आयोजनामा पनि आर्थिक सहयोग गरेको छ। समाजमा चार सय जना तनहुँवासी आबद्ध छन्।

# विजय सहकारीको भवन उद्घाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, ७ फागुन**

विजय बचत तथा ऋण सहकारी संस्था लि. को नयाँ कार्यालयको एक समारोहका बिच शुक्रबार पोखरा १३ पाटनबेशी घट्टेखोलामा कार्यक्रमका प्रमुख अतिथि, पोखरा महानगरपालिका वडानं १३ का वडा अध्यक्ष दर्शन लामाले समुद्घाटन तथा शुभारम्भ गरे।

सहकारीको कार्यालय उद्धाटन गर्दै वडानं नं १३ का वडा अध्यक्ष दर्शन लामाले सहकारी हरु पछिल्लो समय प्रतिस्पर्धात्मक रुपले कारोवारमा आयको भन्दै सहकारीहरुले सदस्य हरुको बिश्वास जित्दै अगाडी बढ्नु पर्ने बताए । कतिपय सहकारीका सञ्चालक हिजो रोडपति थिय तर आज चिल्ला गाडी चढ्ने करोड पति पनि भयका छन् , भन्दै उनले सहकारीको मुल मन्त्र नियम र सहकार्यलाई अस्तित्वमा राखेर सहकारी सञ्चालन गर्न सकेमा सबैको अपनत्व हुनेमा जोड दिए।

अध्यक्ष लामाले सहकारीले आफ्ना सदस्यहरूलाई नयाँ नयाँ योजना ल्याई एकीकृत पुँजी मार्फत सन्तुष्ट बनाउने काम गर्नु पर्ने सुझाव दिए । उनले सहकारीको एउटै उद्देश्य भनेको छरियको सानो पुँजी लाई सदस्यहरुको सामुहिक बलमा एकिकृत गरी बचत र सामुहिक लगानी मार्फत सदस्यहरुको आर्थिक उत्थान मा खर्चिनु रहेको पनि बताए। सहकारीका अध्यक्ष ईन्द्रप्रसाद बरालको अध्यक्षतामा भयको उदघाट्न कार्यक्रममा सहकारीका संस्थापक अध्यक्ष मुक्ति प्रसाद पौडेलले सहकारी संस्था स्थापना गर्दा र अहिले हेर्दा लामो समय पछि सहकारीले फड्को मार्न सफल भयकोमा खुशि ब्यक्त गरे। सहकारीका सञ्चालक युवा उद्यम भीम केसीले सहकारीको आर्थिक पाटोको अवस्था बारे जानकारी दिय।उनले सहकारी मा हाल ३सय ९४ जना शेयर सदस्य रहेको तथा सहकारीको चालु पुँजी करीब ४करोड रहेको जानकारी दिय । कार्यक्रममा शुभकामना मन्तब्य दिदै पत्रकार श्रीराम सिग्देल ले सहकारीहरुले आफ्नो आर्थिक कारोवार संगै सामाजिक उत्तरदायित्व पनी वहन गरेर अगाडी बढ्नु पर्नेमा जोड दिए।



उद्घटन समारोहमा सहकारी का लेखा समिति संयोजक चिरञ्जिवी पौडेल, संस्थापक सदस्य शुक्रराज अधिकारी, रतन पाण्डे सहकारीका अध्यक्ष बसन्त शर्मा अधिकारी, आदर्श सहकारी का अध्यक्ष राजेन्द्र प्रसाद बराल, ज्योति महिला सहकारीकी अध्यक्ष नारायणी बराल, मिर्मिरे उर्जा सहकारी का सह सचिव पुकार गौतम, सफल युवा ब्यवसायिक रबि प्रसाद बराल, पाटनबेशी टोल बिकाश संस्था का अध्यक्ष नरेन्द्र प्रसाद अधिकारी, घट्टेकुलो नमुना टोलका अध्यक्ष जगदिश बराल, चापडाँडा अमलाचौर टोलका अध्यक्ष हरी बहादुर बराल, गाईपानी उपल्लो गाउ टोलका अध्यक्ष बुद्दी प्रकाश बराल, उज्वल टोलका अध्यक्ष बुद्धि बराल, नव दुर्गा टोल का अध्यक्ष बामदेव बराल,अर्ध नागेश्वर टोल का अध्यक्ष टिकाराम बराल, सुर्योदय आमा समुहकी अध्यक्ष कोपिला बराल, दुधपोखरी आमा समुह की उपाध्यक्ष पार्वती देबी सापकोटा लगायतले शुभकामना मन्तव्य दियका थिए।

कार्यक्रममा सहकारीलाई अनवरत सहयोग गरेको भन्दै पोखरा १३आर्वा कसेरी निवासी क्या.राम बहादुर बराल र उनकी धर्मपत्नी पदमा बराललाई दोसल्ला ओढाई सम्मान गरिएको थियो । सहकारीकी कार्यसमिती सदस्य तारा देबी बरालले सहकारी का सात सिद्दान्त वाचन गरेको कार्यक्रममा उपाध्यक्ष बाबुराम सापकोटाले स्वागत र सचिब रामराज गौतमले कार्यक्रम सञ्चालन गरेका थिए।

२०६४ सालमा साविक आर्वा बिजय गाविस वडा नं ४ कसेरीमा स्थापना गरिएको सहकारीले झण्डै १३वर्ष पछी अन्य ठूला सहकारी संग प्रतिस्पर्धा गर्ने हेतुले शेयर सदस्य बृद्धी संगै पोखरा १३पाटनबेशी घट्टेखोलामा नयाँ कार्यालय सञ्चालन गरी ब्यवसायिक कारोवार थालेको अध्यक्ष ईन्द्रप्रसाद बराल ले जानकारी दिए।

# एपीएफ महिला लिगको च्याम्पियन

**रासस**
**काठमाडौं, ७ फागुन**

विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबले अपराजित रहँदै राष्ट्रिय महिला लिग फुटबलको उपाधि जितेको छ। लिगको अन्तिम खेलमा एपीएफ आज नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई ३-० गोल अन्तरले पराजित गर्दै च्याम्पियन बनेको हो।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको खेलमा एपीएफका लागि सरु लिम्बुले दुई तथा अनिता केसीले एक गोल गर्नुभयो । खेलको ४५औं मिनेटमा लिम्बुले गोल गर्दै एपीएफलाई अग्रता दिलाउनुभयो। यस्तै खेलको ८६औँ मिनेटमा केसीले गोल गर्दै एपीएफलाई २-० गोलको अग्रता दिलाउनुभयो। खेलको इन्जुरी समयमा लिम्बुले नै व्यक्तिगत दोस्रो गोल गर्दै एपीएफलाई ३-० गोलअन्तरले उपाधि जिताउनुभयो । एपीएफले लगातार तेस्रो पटक लिगको उपाधि जितेको हो । एपीएफले १२ खेलमा ३६ अङ्क जोड्यो। आर्मीले १२ खेलमा २६ अङ्क जोड्यो । उपाधिसँगै एपीएफले रु १५ लाख तथ उपविजेता बनेको आर्मीले रु आठ लाख पुरस्कार प्राप्त गरेको छ।

लिगमा तेस्रो भएको नेपाल पुलिस क्लबले रु पाँच लाख तथा चौथो भएको स्याङ्जाको वालिङ नगरपालिकाले रु तीन लाख पुरस्कार प्राप्त गरेको छ। यस्तै प्रतियोगिताको रु एक लाख ५० हरजारसहित फेयर प्ले टिमबाट चन्द्रपुर नगरपालिका पुरस्कृत भयो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी एपीएफकी सरु लिम्बु घोषित हुनुभयो। उहाँले पुरस्कारस्वरूप एक थान स्कुटर प्राप्त गर्नुभयो । यस्तै प्रतियोगिताको उत्कृष्ट फरवार्डको उपाधि एपीएफकै सावित्रा भण्डारी, उत्कृष्ट गोलकिपर नेपाल पुलिस क्लबकी उषा नाथ, उत्कृष्ट डिफेन्डर पुलिसकै अम्रिता जैशी, उत्कृष्ट मिडफिल्डर आर्मी फुटबल क्लबकी बिमला चौधरी तथा उत्कृष्ट प्रशिक्षक एपीएफकी भगवती थापा घोषित हुनुभयो । उहाँहरूलाई जनही रु ५० हजार पुरस्कार प्रदान गरिएको अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले जनाएको छ।

# भारतमा कोभिड-१९ विरुद्धको खोप एक करोड भन्दा बढीले लगाए

**रासस**
**काठमाडौं, ७ फागुन**

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ।

सो दिनदेखि हालसम्म एक करोड भन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन् । कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायःस्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ।

यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बिहीबारसम्म एक करोड ९ लाख ६३ हजारभन्दा बढी पुगेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा १३ हजार १९३ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड ९ लाख ६३ हजार ३९४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण ९७ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५६ हजार १११ जना पुगेको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड ६ लाख ६७ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा एक लाख ३९ हजार ५४२ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतको राष्ट्रिय राजधानी दिल्लीमा बिहीबार १३० जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको छ। बिहीबार कोभिड १९ बाट दुई व्यक्तिको मृत्यु भएको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्‌ले बुधबारसम्म देशभर २० करोड ९४ लाख ४ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । बिहीबार एकै दिनमा मात्र सात लाख ७१ हजारभन्दा बढी व्यक्तिलाई कोभिड्-१९ परीक्षण गरेको जनाइएको छ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. २००३/०६/२५ गते

स्वर्गारोहणः
वि.स. २०७७/१०/२६ गते

**स्वा. मिनाकुमारी श्रेष्ठ**

यस समितिको आजीवन सदस्य रागी श्री अग्निकुमार श्रेष्ठकी अर्धाङ्गिनी भैरवको अनन्य भक्त **मिनाकुमारी श्रेष्ठ** को ७४ वर्षको उमेरमा असामयिक स्वर्गारोहण हुनु भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि श्री भैरवसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**तिर्थमान प्रधानाङ्ग**
**अध्यक्ष तथा**
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**